"पर्यटन, कृषि र प्राकृतिक सौन्दर्यको शहर, सांस्कृतिक तारकेश्वर नगर"

# तारकेश्वर नगर गतिविधि

तारकेश्वर नगरपालिकाबाट प्रकाशित बुलेटिन

वर्ष-२ | अङ्क-४ | मंसिर २०७८

## प्रशासनिक भवन निर्माणमा तिव्रता



तारकेश्वर नगरपालिकाको प्रशासनिक भवन निर्माणले तिव्रता पाएको छ । कोभिडको महामरीले निर्माण कार्यमा वाधा पुऱ्याए पनि निर्माण सम्पन्न गर्नुपर्ने समय करिब ३५ प्रतिशत सकिदा वित्तिय प्रगति ३०.६७ प्रतिशत र भौतिक प्रगति ३५.३५ प्रतिशित भएको छ।



## ऐतिहासिक स्थल-पाँचमाने

तारकेश्वर नगरपालिकाको ऐतिहासिक स्थल मध्ये पाँचमाने पनि एक महत्वपूर्ण स्थल हो । काठमाडौंको मुटु वालाजु वाइपासवाट नुवाकोट जाने हाइवे हुदै ८ किलोमिटर अगाडी गए पछी हाइवे छोडेर १.२ किलोमिटर उत्तर लागेपछि तारकेश्वर धाम जाने वाटैमा मनोमहक पाँचमाने पर्दछ। पाँचमानेवाट पुन १.२५ किलोमिटरमा तारकेश्वर धाम पुगिन्छ।

काठमाडौ उपत्यकाको प्रसिद्द चार भञ्जाङ (साँगाभञ्ज्याङ, बाडभञ्जाङ, पाटी भञ्ज्याङ, पाँचमाने भञ्ज्याङ) मध्ये एक प्रसिद्द भञ्ज्याङ पाँचमाने भञ्ज्याङ हो । यो काठमाडौंको उत्तर पश्चिम तारकेश्वर नगरपालिकाको वडा नं ३ मा पर्दछ । यो पञ्चबुद्दसँग सम्वन्धित स्थल हो । नेवारी संस्कृतिमा यसलाई न्यागमणिकारुपमा चिनिन्छ। पञ्चध्यानी वुद्दहरु बैरोचन, अक्षोम्य, रत्नसम्भव, अभिताभ र अमोघसिद्दिको स्मरणार्थ पाँचघण्टा स्तुप (माने) स्थापना भएको र पछि यिनै पाँचवटा स्तूपका कारण पाँचमाने नामाकरण हुन गएको हो। पाँचमाना मध्ये पहिरीको कारण हाल तीन वटा मात्र माना रहेकोमा नगरपालिकाको पहलमा पुन दुई वटा मानाको निर्माण कार्य हुदै छ।



२०१७ साल पूर्व काठमाडौ उपत्यकावाट पश्चिम आवतजावत गर्ने प्रमुख नाकाकोरुपमा पाँचमाने चिनिन्थ्यो। भोट र तिब्बतको प्रमुख व्यापारिक नाका पनि पाँचमाने नै थियो । अरनिको (बलबाहु) पनि तिब्बत र नेपाल आवतजावत यहि नाकाबाट गर्दथे। केहि वर्ष पहिला पाँचमानेमा मानाङ्क मुद्रा फेला परेकाले पनि यसको अस्तित्व लिच्छिवि काल देखि नै भएको सहजै अनुमान लागाउन सकिन्छ।



**प्रमुख संरक्षक**

नगरप्रमुख रामेश्वर वोहरा

**संरक्षक**

नगर उपप्रमुख भवानी डोटेल धिताल

**सल्लाहकार**

प्रमुख प्रशासकीय अधिकृत

शिव प्रसाद लम्साल

**सम्पादक मण्डल**

**संयोजक**

होमनाथ न्यौपाने

अधिकृतस्तर दशौं

**सदस्यहरू**

शम्भुप्रसाद पौडेल

अधिकृतस्तर आठौं

तिर्थराज थापा मगर

अधिकृतस्तर सातौं

रचना शर्मा पन्थी

अधिकृतस्तर छैटौं

नरहरि गौतम

अधिकृतस्तर छैटौं

सूचना प्रविधि अधिकृत

**प्रकाशक**

तारकेश्वर नगरपालिका

धर्मस्थली, काठमाडौं



फोन नं. ०१-५१६८१११, ०१-५१६८२२७

०१-५१५८१२३, ०१-५१६८०५७

Website: tarakeshwormun.gov.np

Email: tarakeshwormun2071@gmail.com

Facebook Page: हेलो तारकेश्वर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धर्मस्थली, काठमाडौं


# शिक्षा क्षेत्रमा नगरपालिकावाट गरिएका मुख्य मुख्य कार्यहरू



- कक्षा १-८ को स्थानीय पाठ्यक्रम निर्माण गरी सो स्थानीय पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक तयार गर्ने सम्पूर्ण विद्यालयमा पठनपाठन शुरु गरिएको।
- बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरु र विद्यालयका लेखा सहायकको पारिश्रमिक न्यूनतम मासिक १५ हजार पुर्याइएको । विद्यालय सहयोगीको परिश्रमिकमा समेत रकम थप गरिएको।
- बालबिकास केन्द्रका बालबालिकाहरुलाई नगरपालिकावाट निशुल्क पोषाकको व्यवस्था गरिएको।
- कक्षा १० सम्म अध्ययनरत दलित विद्यार्थीको लागि निशुल्क पोषाकको व्यवस्था गरिएको।
- कोभिड १९ को कारण लकडाउन भए पश्चात विद्यार्थीको पठन पाठनलाई सुचारु गर्न अनलाईन कक्षालाई प्राथमिकता दिइएको । नगरपालिकावाट विभिन्न कक्षाको ७० भन्दा वढी पाठहरुको भिडियो तयार गरी नगरपालिकाको यूटुव सुनौलो तारकेश्वरमा राखिएको जुन आजसम्म पनि विद्यार्थीहरुले हेर्ने र सुन्ने अवसर प्राप्त गरिरहेका छन।
- लकडाउनमा अनलाईन वाट कक्षा लिन सजिलोहोस भनि शिक्षकहरुलाई ICT मा आधारित शिक्षण सिप विभिन्न समय समयमा ६ दिने, ३ दिने र १ दिने तालिमहरु प्रदान गरिएको।
- अनलाईनमा समेत समेटिन नसकेका विद्यार्थीहरुको लागि टेलिफोनवाटै समेत शिक्षण गर्नको लागि सामुदायिक विद्यालयका शिक्षकहरुलाई १०० दिन सम्म अनलिमिटेड टेलीफोन गर्न पुग्ने रकम उपलव्ध गराइएको।
- संगीत नृत्य सिकाउन तथा स्काउट रेडक्रस जस्ता संस्थासँग आवद्दता गर्नको लागि विद्यालयहरुलाई केही रकम निकासा गरिएको।



- आत्तरिक पर्यटनलाई वढवा दिन तथा विद्यार्थीहरुको आन्तरिक शैक्षिक भ्रमणलाई उत्पेरणा जगाउन सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई खाजा खर्च उपलव्ध गराइएको।
- प्रधानाध्यापको भत्ता अत्यान्त न्यून भएकाले प्रधानाध्यपकलाई उत्प्रेरणा जगाउनको लागि प्र अ भत्तामा सतप्रतिशत थप गरिएको।
- माध्यमिक दरवन्दी नभएको विद्यालयहरु तथा धार्मिक र महिला विद्यालयलाई शिक्षण सहयोग अनुदान उपलव्ध गराइएको।
- विद्यालयहरुको नियमित अनुगमन निरीक्षण र सहजीकरण गर्ने गरिएको।
- सामुदायिक विद्यालयका शिक्षकहरुको मनोवल उच्च वनाउन शिक्षक कल्यणकारी कोषको व्यवस्था गरिएको।
- महिला शिक्षाको मनोवल उच्च बनाउनको लागि "उपमेयरसँग महिला शिक्षक कार्यक्रम सञ्चालन गरिएको।

# बाख्राको आहारा व्यवस्थापन

संसारमा पाईने जुनसुकै प्राणी पनी आहार विना बाँच्न सक्दैनन । आहारा प्राणीका लागि नभई नहुने तत्व हो । आहारामा विभिन्न पोषक तत्वहरु रहेका हुन्छन् जसले शरिरको महत्वपुर्ण कार्यहरु संचालन गरिरहेका हुन्छन् ।

● जिवित राख्न ● पशुजन्य पदार्थको उत्पादन लिन ।

यसका लागि नभई नहुने पदार्थहरु यस प्रकार रहेका छन् ।

कार्ब्रोहाइड्रेट, प्रोटिन, चिल्लो पदार्थ, खनिज तत्व, भिटामिन र पानी हुन ।

बाख्रापालनलाई हामीले घांसपातको माध्यमले मात्र व्यवस्थित गर्न सकेमा उत्पादन लागत कम हुन सक्ने भएतापनि विभिन्न उमेर र शारिरीक अवस्थाअनुसार शारिरीक बृद्धि दरलाई कायम राख्न र उत्पादन क्षमतालाई व्यवस्थित गर्न हरियो घाँसपातसँगै दानाको प्रयोग व्यवसायीक बाख्रापालनको लागि जरुरी मानिन्छ ।

## गर्भीणी बाख्राको लागि

- बाख्राको बाली भएको १०० दिनसम्मको गर्भमा पाठोको शारिरीक बृद्धि २५ प्रतिशत मात्र भएको हुन्छ र १०० दिन देखि १४५ दिन भित्रको अवधिमा ७५ प्रतिशत बृद्धि भएको हुन्छ । यो अवधिमा बढी पोषणतत्वहरुको आवश्यकता पर्दछ । गर्भमा पाठो बढदै गएपछि पाठेघरको आकार पनि बढदै जान्छ र बाख्राले पनि धेरै खान सक्दैन । यस्तो अवस्थामा एकातिर बाख्रालाई बढी आहारा खान जरुरी हुन्छ भने अर्को तर्फ पेटमा आवश्यकता अनुसारको बढी घाँस अटदैन । तसर्थ बढी पौष्टीकतत्व भएका तर कम ठाउँ ओगटने संतुलित दाना खुवाउन जरुरी हुन्छ ।
- यस अवस्थामा दैनिक १४-१६ प्रतिशत प्रोटिन भएको दाना २००-२५० ग्रामकादरले खुवाउनु पर्दछ ।

## ब्याएको माउ बाख्राको लागि

- यदि बाख्रालाई २४ महिनामा ३ पटक ब्याउन र ३० दिन आराम गर्ने व्यवस्था मिलाईएको छ भने पहिलो बाली लागेको बाख्रा ब्याएको ९० दिनमा फेरी बाली लागेको हुन पर्दछ । बाख्रा ब्याउनु भन्दा ८ हप्ता पहिले देखि तथा ८ हप्ता लैनो अवस्थामा पोषिलो आहारा दिनु पर्दछ । उक्त उद्धेश्य प्राप्तीको लागि भएको दैनिक १४-१६ प्रतिशत प्रोटिन भएको दाना २००-४०० ग्रामका दरले संतुलित आहारा खुवाउनु पर्दछ । यसको साथमा हरियो घाँस र स्वच्छ पानी आवश्यकता हेर्रा दिने व्यवस्था गर्नु पर्दछ ।
- उक्त आहारा व्यवस्था गर्न नसकेमा बाख्राको दुध उत्पादन कम हुन गई पाठापाठी कमजोर, बाख्रा ढिलो बाली जाने भई आशातित लाभ लिन नसक्ने हुन्छ ।

## क्रिप फिड कसरी तयार गरिन्छ ?

| सि. नं. | कच्च पदार्थ | दाना कच्चा पदार्थ प्रतिशत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दानाको नमूना | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | मकै | ६० | ४० | २० | १५ | - | २५ | ३० |
| २ | जै वा जौ | - | २३ | ४५ | ४० | ४० | ४० | ३० |
| ३ | पिना | २० | १९ | २० | २० | २२ | १० | १० |
| ४ | माछाको धुलो | १० | १० | १० | १० | १० | १० | १० |
| ५ | खुदो | - | - | - | १० | २० | - | १० |
| ६ | चोकर | ७ | ५ | २ | २ | ५ | १२ | ७ |
| ७ | खनिज लबण | २ | २ | २ | २ | २ | २ | २ |
| ८ | नुन | १ | १ | १ | १ | १ | १ | १ |
| | कुल | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |

# जन्मेदेखि ९० दिनसम्म उमेरका पाठापाठीको लागि आहारा

१५ दिनको उमेर भएपछि पाठापाठीले घाँस टिप्न थालेका हुन्छन । यो उमेरमा क्रिप फिड पनि खुवाउन थाल्नु पर्ने हुन्छ । यो अवस्था खुवाएको क्रिप फिडले पाठापाठीको रुमेनलाई छिटो छिटो बढाउन मद्दत गर्नुका साथै शारिरीक बृद्धिदर राम्रो हुन्छ ।

यस उमेरका पाठापाठीहरुलाई प्रतिदिन निम्न तालिका अनुसार दाना खुवाउँनु पर्दछ ।

## कोलस्ट्रम फिडिङ्ग (बिगौती)

भर्खरै जन्मेका पाठापाठीहरुले माउको बिगौति दुध खान पाएनन भने शरीरको रोग प्रतिरोधात्मक क्षमतामा कमि आई मृत्यू समेत हुन सक्ने हुँदा जन्मेको १ घण्टा भित्र पाठापाठीहरुलाई माउको विगौति दुध खुवाउनु अनिवार्य पर्दछ । माउ मरेको वा अन्य कारणबाट बिगौति दुध उपलब्ध हुन नसकेको खण्डमा निम्न बमोजिमको मिश्रण बनाई दिनको ३-४ पटक खुवाउनु उपयुक्त हुन्छ ।

कुखुराको अण्डा........ एक वटा
मनतातो पानी........... २०० एम.एल.
दुध..................... ३०० एम.एल.
लिक्विड पाराफिन....... १० एम.एल

## प्रयोजनको लागि पालिएको बोकाको लागि

- हाम्रो गाउँघरमा पालिएका ब्याडका बोकालाई त्यति ध्यान दिएर पालनपोषण गरेको पाइन्न । बोका ब्याडका लागि प्रयोग गर्नु भन्दा ४५ दिन पहिले देखि बोकालाई शारिरीक तौल प्रतिदिन ३००-४०० ग्रामसम्म संतुलित दाना खुवाउनु पर्दछ । ब्याड बोका धेरै मोटो वा धेरै दुब्लो हुनु हुँदैन ।

## खसीको लागि

- एउटा वयस्क खसीलाई दैनिक १५० ग्रामका संतुलित दाना खुवाउने गर्दा शारिरीक बृद्धि दर राम्रो हुने ।
- खसीलाई मात्रा भन्दा बढी दाना दिंदा अनावश्यक रुपमायसको साथ बोसो लाग्ने र उपभोक्ताको चाहना अनुसारको मासु खसीबाट उत्पादन नहुने हुँदा हरियो घाँसपातमा जोड दिनु राम्रो मानिन्छ ।

# राजश्व असुली प्रगति

सरकार सञ्चालन तथा व्यवस्थापनको मुख्य पाटो आर्थिक श्रोत संकलनको मुख्य तरीका नै राजस्व हो । सेवा प्राप्त गरे वापत वा उपभोग गरेवापत हरेक नागरिकले प्रचलित कानूनको अधिनमा रही तोकिए बमोजिमको दरमा तिरिने कर र सोही कर असुलीलाई राजस्व भनिन्छ। राज्यले आफ्नो क्षेत्रभित्रका हरेक अधिकारहरुको प्रयोग गरी कर उठाउने प्रचलन र सोही आधारमा सेवा दिदैं आएको पाईन्छ। यसरी नै स्थानीय सरकारले संविधान प्रदत्त अधिकार क्षेत्रमा रही पनि आफ्नो क्षेत्रभित्र पर्ने विभिन्न खालका उपभोग्य वस्तु, सेवाका किसिम लगायतका विभिन्न कर र सेवाका दस्तुरहरुको दरहरु निर्धारण गरेको हुन्छ। यसैका आधारमा प्राप्त राजस्वलाई मुख्य आधार बनाई स्थानीय सरकारले आफ्नो वजेटको खाका निर्माण गरेको हुन्छ। यसरी प्राप्त हुने राजस्वलाई विकास निर्माण लगायतका अन्य अत्यावश्यकीय सेवामा प्रचलित कानूनको अधिनमा रही खर्च गर्ने गरिन्छ। यसै सन्दर्भमा तारकेश्वर नगरपालिकाले पनि विगत देखि नै आफ्नो क्षेत्राधिकारभित्र पर्ने विषयगत क्षेत्रहरु समेटेर विभिन्न सेवा कर तथा राजस्व असुल गर्दै आएको छ। चालु आ.व. २०७८/०७९ मा नगरपालिकाले आन्तरिक राजस्व आम्दानी तर्फ रकम रु. २१ करोड ७० लाख ७५ हजार आय अनुमान गरेकोमा निम्न विवरणमा उल्लेख भए बमोजिम २०७८ श्रावण १ गतेदेखि २०७८ कार्तिक मसान्तसम्म रु. ११ करोड ३९ लाख असुल गरी कुल लक्ष्यको ५२.४७ प्रतिशत राजस्व प्राप्त गरेको छ। सोही आधारमा नगरपालिकाको नगरसभाबाट स्वीकृत भएका योजना तथा विकास निर्माण लगायतका काम कारवाही र अत्यावश्यकीय खर्चहरु गर्दै सबै सूचकहरुमा आफ्नो लक्ष्य अनुरुप कार्य अगाडि बढाईरहेको छ।

**तपसिलः**

**तारकेश्वर नगरपालिकाको मिति २०७८ श्रावण १ देखि २०७८ कार्तिक मसान्त सम्म प्राप्त भएको राजस्व विवरण**

| सि.नं. | शीर्षक नं. | आय शीर्षकको नाम | संकलित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ति कर | २,७७,९३,६४७.०० | |
| २ | ११३१४ | भूमिकर/मालपोत | ११,१६,१६७.०० | |
| ३ | ११३२१ | घर बहाल कर | ८३,५१,०४२.६० | |
| ४ | ११४७३ | अन्य मनोरञ्जन कर | ५००.०० | |
| ५ | ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २६,३१,८९७.०० | |
| ६ | १४२४२ | नक्सापास दस्तुर | २,४२,५५,७९४.५० | |
| ७ | १४२४३ | सिफारिस दस्तुर | २,१८,४४,०१०.६८ | |
| ८ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ७९,९२४.०० | |
| ९ | १४२४९ | अन्य दस्तुर | १,०४,२४८.०० | |
| १० | १४३११ | न्यायीक दण्ड, जरिवाना जफत | १,८००.०० | |
| ११ | १४३१२ | प्रशासनिक न्यायीक दण्ड, जरिवाना जफत | १,७९,०००.०० | |
| १२ | १४५२९ | अन्य राजस्व | ४,६१,३६६.०० | |
| १३ | | आन्तरिक संकलन तथा उत्खनन्जन्य वस्तु निकासी | २,६५,५९,०००.०० | |
| १४ | | विज्ञापन कर | ५,२९,७००.०० | |
| | | **कुल जम्मा** | ११,३९,०८,०९६.७८ | |
| | | **लक्ष्य** | २१,७०,७५,०००.०० | |
| | | **लक्ष्य प्रतिशत** | ५२.४७% | |

## तारकेश्वर नगरपालिका अन्तर्गतका सहकारी संस्थाहरूलाई सूचना

सहकारी संस्थाहरुले पुस मसान्त भित्र साधारण सभा सम्पन्न गरी देहायका विवरणहरू यस नगरपालिकामा पेश गर्नु पर्नेछ :

क) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,
ख) बार्षिक कार्यक्रम नीति तथा योजना,
ग) खुद बचत सम्बन्धी नीति तथा योजना,
घ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,
ङ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,
च) संस्थाको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
छ) साधारण सभाको माइनुटको प्रतिलिपि,
ज) आन्तरिक कार्यविधि पारित गरेको भए सोको एक प्रति,
झ) संस्थाको विनियम संशोधन गर्नु पर्ने भए तीन महलेको दुई प्रति,
ञ) संचालक समितिको सदस्यमा हेरफेर भए सो सदस्यको नागरिकताको प्रतिलिपि सहित आवश्यक विवरण,
ट) वडा कार्यालयमा संस्था सुचिकृत वा नविकरण गरेको प्रतिलिपि।

## घट्ना दर्ता विवरण

घटना दर्ता किताब Digitization कार्य अन्तर्गत हाल सम्म जन्म-१८५९०, मृत्यु- १०७७, सम्बन्ध बिच्छेद- १०, बिबाह- ६३५८ र बसाई सराई-७६४ गरि जम्मा २६७९९ data entry कार्य सकिएको।

# महिला, बालबालिका तथा समाजकल्याण शाखाबाट सम्पन्न कार्यक्रम



तारकेश्वर नगरपालिका महिला,बालबालिका तथा समाजकल्णाण शाखाले महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुका क्षेत्रमा विगत वर्षदेखि नियमित रुपमा विभिन्न कार्यक्रम संचालन गरिदै आएको छ। विगत वर्षहरु जस्तै यस आर्थिक वर्ष ०७८/७९ को स्वीकृत कार्यक्रम अनुसार प्रथम चौमासिकमा ज्येष्ठ नागरिक परिचय पत्र वितरण जम्मा ३६ जनालाई, अपाङ्गता परिचय पत्र २५ जनालाई वितरण, लैगिक हिंसामा परेकाको लागि तत्काल उद्धार गर्नको लागि लैगिंक हिंसा निवारण कोष मा रु.१ लाख खातामा जम्मा गरियो। बालगृहको अनुगमन, तारकेश्वर नगरपालिका भित्रका महिला सहकारी, समिति समुहहरु, महिलाका क्षेत्रमा कार्य गर्ने संस्थाहरु र अपाङ्गता भएका व्यक्तिहरुका क्षेत्रमा कार्य गर्ने संस्थाहरुको अनुगमन गरियो। महिला सशक्तिकरण कार्यक्रम अर्न्तगत शिपमुलक कार्यक्रम संचालनको लागि ता.न.पा. वडा नं.१ ढकालचौरमा व्यवसायीक समूह गठन, नगर महिला तथा बालबालिका समन्वय समितिको बैठक, अन्य संस्थासंग अन्तर कृया, बालअधिकर संरक्षण तथा संम्वर्धन कार्यविधि तयारी, राष्ट्रिय बालदिवश र ज्येष्ठ नागरिक दिवश, ज्येष्ठ नागरिक समिति गठन, अपाङ्गता परिचय पत्र वितरण समितिको वैठक लगायतका विविध गतिविधिहरू गरिएको थियो।



# स्वास्थ्य गतिविधि



तारकेश्वर नगरपालिका नगर स्वास्थ्य शाखाले यस नगरपालिका अन्तर्गत बसोबास गर्ने विभिन्न उमेर समुहका व्यक्तिहरुलाई निशुल्क स्वास्थ्य सेवा प्रदान गरिदै आएको छ। यस आ.व २०७८/७९ मा विभिन्न समयमा उत्पन्न भईरहेको कोरोना महामारी रोग उपचार तथा नियन्त्रणको लागि प्रत्येक वडाहरुमा निशुल्क रुपमा श्रावण देखि कार्तिक मसान्त सम्म ९५३ जनालाई ब्लतष्भल परिक्षण गर्दा जम्मा १७८ जना पोजेटिभ देखियो।

साथै यस आ.व०७८/७९ मा CICI Team द्वरा कोरोना पोजेटिभ बिरामीहरुको Contact Tracing गरि सम्पुर्ण विवरणहरु उल्लेख गरि राखिनुका साथै प्रत्येक दिने विवरण अपडेट गर्ने गरिएको छ।

यस आ.व ०७८/७९ मा प्रत्येक वडामा रहेका



| Vaccine Name | Vaccine Dose | Total Vaccinated | Total Male | Total Female |
|---|---|---|---|---|
| Verocell 1st dose total | 1st | 45021 | 21347 | 23674 |
| Verocell 2nd dose total | 2nd | 44445 | 21152 | 23298 |
| Covidshield Astrazeneca 1st | 1st | 9419 | 4110 | 5310 |
| Covidshield Astrazeneca 2nd | 2nd | 3278 | 1523 | 1755 |
| Johnson & Johnson(Single Dose) | Single Dose | 7252 | 3515 | 3737 |
| Total Vaccinated | | 61692 | 28972 | 32721 |



स्वास्थ्य सस्थाहरुमा कोभिड १९ विरुद्ध भ्याक्सिन कार्यक्रम सञ्चालन गरियो।

यस आ.व मा राष्ट्रिय मृगौला केन्द्र, बनस्थली, काठमाण्डौं संग साङ्गला प्राथमिक स्वास्थ्य केन्द्रमा मृगौला उपचार केन्द्र सञ्चालन गर्न मिति २०७८/०४/१५ गते सम्भौता गरियो।

साथै उच्चस्तरिय प्रसुति सेवा प्रदान गर्नको लागि यस नगरपालिकाको वडा नं ६ स्थित पैयाटारमा जर्मन प्रोजेक्ट GFA consultant group (Germany), परोपकार प्रसुति गृह तथा स्त्रीरोग अस्पताल थापाथलि र तारकेश्वर नगरपालिका बिच प्रसुति उपचार सम्बन्धी स्याटेलाईट अस्पताल निर्माणको लागि सम्भौता गरियो।

यस आ.व ०७८/७९ मा सशर्त अनुदान तर्फ प्राप्त बजेट तथा कार्यक्रमको पोषण कार्यक्रम अन्तर्गत सबै वडाहरुमा राष्ट्रिय भिटामिन ए कार्यक्रम सम्पन्न गरी जम्मा १३०६६/ जना लाई भिटामिन ए र जम्मा ११९७३/ जना लाई अल्बेन्डाजोल खुवाईयो।

नगरपालिकाबाट छनौट भएका ६५ जना



राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई ज्ञानसिप अभिबृद्धि गरी समूदायमा परिचालन गर्नको लागि १० दिने आधारभुत तालिम कार्यक्रम सम्पन्न गरियो।

## पशु पन्छी विकास शाखा

१. जम्मा कृत्रिम गर्भाधान विवरण-१६८६
   - क. गाई- १४७३
   - ख. भैंसि- २०४
   - ग. बाख्रा- ९

२. जम्मा पशु उपचार संख्या -२६७१
   - क. गाई- ८१९
   - ख. भैसिं- १९६
   - ग. बाख्रा- १५८६
   - घ. कुकुर ८

३. पशु बन्ध्याकरण -६२
   - क. बोका- ५५
   - ख. बंगुर- ७

४. गोवर परिक्षण -१२२

५. निशुल्क औषधि वितरण -३०८ (कृषक परिवार)

६. हिऊँदे जै घाँसको विऊ निशुल्क वितरण ३० क्विन्टल -३५६ (कृषक परिवार)

७. सामुदायीक कुकुर बन्ध्याकरण तथा रेविज भ्याक्सिन -२०० कुकुरमा ता.न.पा. ३ तिनपिप्ले










## प्रथम चौमासिक सम्मको योजनाको प्रगति

यस नगरपालिकाको वडा स्तरीय र नगर स्तरीय ८३८ ओटा योजना रहेकोमा प्रथम चौमासिक ७२ ओटा योजना सम्पन्न भएको छ भने १६६ ओटा सम्झौता भएका छन् । कुल योजनाको २० प्रतिशत समाप्त भएको छ भने समाप्त भएको योजनाको प्रगति ४३.३७ प्रतिशत रहेको छ ।

| सि.न. | वडा नं | जम्मा योजना | सम्झौता योजना | सम्पन्न योजना | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | ७४ | २८ | १० | |
| २ | २ | ८६ | २७ | ६ | |
| ३ | ३ | ८१ | २२ | ११ | |
| ४ | ४ | ४० | ७ | ६ | |
| ५ | ५ | ८५ | २४ | १० | |
| ६ | ६ | ९१ | १८ | १० | |
| ७ | ७ | ५९ | १२ | ६ | |
| ८ | ८ | २९ | ३ | १ | |
| ९ | ९ | ३४ | ११ | ५ | |
| १० | १० | २८ | ८ | ५ | |
| ११ | ११ | ४४ | ६ | २ | |
| १२ | नगर | १८७ | ० | ० | |
| जम्मा | | ८३८ | १६६ | ७२ | |

## कृषि शाखाको चौमासिक प्रगति विवरण

आ.व. २०७८/७९ को प्रथम चौमासिकमा कृषिक तर्फका निम्न कार्यक्रमहरु संचालन गरियो:

| सि. नं. | कार्यक्रम | अनुदान | वितरित परिमाण | अनुदान रकम रु. |
|---|---|---|---|---|
| १ | गहुँको उन्नत बिउ वितरण (WK 1204) | ५० प्रतिशत | ४,३६० के.जी. | २,४०,०००।- |
| २ | आलुको बिउ वितरण (जनकदेव रातो) | ५० प्रतिशत | ४,५४५ के.जी. | २,५०,०००।- |
| ३ | कन्य च्याउको बिउ वितरण | ५० प्रतिशत | ९३७ के.जी. | ७५,०००।- |
| ४ | सिताके च्याउको बिउ वितरण | ५० प्रतिशत | १३१ के.जी. | २५,०००।- |
| ५ | सिलपोलिन टनेल प्लास्टिक वितरण (20m x 6m, 70 GSM) | ५० प्रतिशत | ८१ थान | २,५०,०००।- |

# स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को तालिम तथा आ.व. २०७७/०७८ को वार्षिक समिक्षा, २०७८




स्थानीय तहको कार्यप्रकृया र उपलब्धीहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र नगरपालिकाहरुको बीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउनका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८० को प्रयोजनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ तर्जुमा गरेको हुँदा सोही कार्यविधि अनुसार प्रत्येक आ.व. समाप्त भएपछी स्थानीय तहले आफ्नो पालिकामा भए गरेका काम अनुसार तोकिएको आधार/प्रमाण सहित कार्यविधिले तोकेको ढाँचामा अङ्कभार दिई मूल्याङ्कन गर्नु पर्ने हुन्छ र उक्त कार्यविधिले लिएको उद्देश्य, विधि र प्रणालीबारे कार्यपालिका सदस्यहरु र शाखाप्रमुखहरुलाई प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने भनि व्यवस्था भएको साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ अनुसार गत आ.व. २०७७/७८ को वार्षिक बजेट कार्यान्वयनको प्रगति समिक्षा समेत मिति २०७८ असोज २२ र २३ गते दुई दिवसीय कार्यक्रम सम्पन्न गरियो ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को प्रशिक्षण र आ.व. २०७७/०७८ को योजना समिक्षा कार्यक्रम २०७८ को उद्घाटन मिति २०७८।०६।२२ गते यस नगरपालिकाको प्रमुख श्री रामेश्वर बोहोराज्यू एवं नगर उपप्रमुख श्री भवानी डोटेल धितालज्यूबाट संयुक्त रुपमा पानसमा बत्ति बालेर समुद्घाटन गर्नुभयो । कार्यक्रमको अध्यक्षता नगर प्रमुखज्यूले गर्नु भएको थियो भने कार्यक्रममा नगर उपप्रमुख श्री भवानी डोटेल धितालज्यू, प्रमुख प्रशासकीय अधिकृत श्री शिवप्रसाद लम्सालज्यू, वडा अध्यक्षज्यूहरु, नगरकार्यपालिकाका सदस्यज्यूहरु एवं शाखा प्रमुखज्यूहरु र अन्य कर्मचारीहरुको सहभागिता थियो । कार्यक्रममा सहजीकरण प्रमुख प्रशासकीय अधिकृत श्री शिवप्रसाद लम्सालज्यू, अधिकृतस्तर आठौं श्री शम्भु प्रसाद पौडेल र अधिकृतस्तर सातौं श्री तिर्थराज थापामगरले गर्नु भएको थियो । उक्त कार्यक्रम संचालन नगरपालिकाका अधिकृत एवं LISA फोकल पर्सन श्री तिर्थराज थापामगरले गर्नु भएको थियो ।

## जनगणना



बाह्रौ राष्ट्रिय जनगणना कार्यक्रम अन्तर्गत तारकेश्वर नगरपालिकामा जनगणना सम्बन्धी अभिमुखीकरण कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो । अभिमुखिकरण स्थानीय जनगणना अधिकारी हरिकृष्ण अर्यालले गर्नुभएको थियो । कार्यक्रमको उद्घाटन नगर उपप्रमूख भवानी डोटेल धितालज्यूबाट व्यानरमा उल्लेखीत विवरण पढी उद्घाटन गरिएको थियो । उद्घाटन कार्यक्रममा स्थानीय जनगणना समन्वय समितिको संयोजक तथा तारकेश्वर नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत शिव प्रसाद लम्साल, अधिकृत स्तर दशौं तथा शिक्षा शाखा प्रमूख होमनाथ न्यौपाने, अधिकृत स्तर सातौं तिर्थराज थापामगर र तथ्यांक विभागका निर्देशक महेश चन्द प्रधान, तारकेश्वर नगरपालिकाका वडा अध्यक्षहरु, स्थानीय जनगणना समितिका सदस्यहरु, गणना कार्यमा खटिएका सुपरिवेक्षक र गणकहरुको समेत उल्लेख्य उपस्थिती रहेको थियो । उद्घाटन कार्यक्रममा स्थानीय जनगणना समन्वय समितका संयोजक तथा तारकेश्वर नगरपालिकाका प्रशासकीय अधिकृत शिव प्रसाद लम्सालले जनगणनाको महत्व र जनगणना कार्यक्रमबाट प्राप्त तथ्यांकबाट राष्ट्रिय योजना निर्माणमा पर्ने प्रभावका विषयमा स्पष्ट पार्नुभएको थियो । उदघाटन कार्यक्रममा उपस्थित सहभागीहरुलाई तारकेश्वर नगरपालिका अधिकृत स्तर दशौं तथा शिक्षा शाखा प्रमुख होमनाथ न्यौपानेज्यूबाट स्वागत मन्तव्य दिनुभएको थियो । तारकेश्वर नगरपालिकामा जनगणनाको शुरुवात नगरपालिकाका नगरप्रमुख रामेश्वर बोहरा र उपप्रमुख भवानी डोटेल धितालज्यूको पारिवारिक विवरण भरी शुरुवात गरिएको थियो ।



स्थानीय जनगणना अधिकारी हरिकृष्ण अर्यालले दिएको जानकारी अनुसार तारकेश्वर नगरपालिका भित्र जनगणनाका लागि तथ्यांक विभागबाट १२७ वटा गणना क्षेत्र कायम गरि ३२ जना सुपरीवेक्षक र १८७ जना गणकहरुले तथ्यांक विभागले उपलब्ध गराएको TAB प्रयोग गरी प्रभावकारी रुपमा तथ्यांक संकलन गरिएको थियो । तारकेश्वर नगरपालिकामा जनगणना बाट कुल २६९४५ घरधुरीमा गणना कार्य भएको र कुल जनसंख्या १००७३४ भएको जसमध्ये ४९९५९ पुरुष र ५०९०५ महिलाहरुको तथ्यांक संकलन भएको थियो ।

# पर्यटन बोर्ड र नाटाका पदाधिकारीहरूबाट तारकेश्वर धामको अवलोकन भ्रमण



२०७८।०४।३० गतेका दिन काठमाडौं महानगरपालिका र तारकेश्वर नगरपालिको साझेदारीमा दुई करोडको लागतमा पुर्ननिर्माण गरिएको तारकेवर धामको पर्यटन वोर्डका प्रमुख कार्यकारी अधिकृत डा. धनञ्जय रेग्मी लागयतका पर्यटन वोर्डका पदाधिकारी तथा नेपाल एसोसेसन अफ ट्राभल एण्ड टुर एसोशेसन (नाटा) का अध्यक्ष श्री अच्युत गुरागाँई वरिष्ठ उपाध्यक्ष श्री विनय वस्नेत, उपाध्यक्ष, महासचिव, सचिव लगायत नाटाका पदाधिकारीहरुको करीव ४० जनाको टिमवाट तारकेश्वर धामको अवलोकन भ्रमण सम्पन्न भयो। सो अवसरमा विभिन्न राष्ट्रिय मिडियाका पत्रकार तथा स्थानीय पत्रकार, जनप्रतिनिधि, नगरपालिकाका कर्मचारीहरुको उपस्थितिमा अवलोकन भ्रमण सम्पन्न गरियो । तारकेश्वर धाम अवलोकनको सिलसिलामा पाँचमाने तथा भूवनेश्वरी मन्दिरको समेत अवलोकन गरियो । अवलोकन भ्रमणको संयोजन नाटाका कार्यसमितिका सदस्य तथा वडा नं. ६ का स्थानीय वासिन्दा विष्णु कार्कीले गर्नु भएको थियो भने ऐतिहासिक महत्वको वारेमा देवेन्द्र अर्याल आसुले व्याख्या गर्नु भएको थियो । सो अवसरमा नाटा सम्वद्व विभिन्न संस्थाहरूले डष्टविन वितरण समेत गरेका थिए।

अवलोकन भ्रमण पश्चात तारकेश्वर नगरपालिकाका नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा अन्य जनप्रतिनिधिहरु र भ्रमण टोलीको वीच वडा नं. ६ मा अनुभव आदान प्रदान गरियो । सो अवसरमा पर्यटन वोर्डका प्रमुख कार्यकारी अधिकृत डा. धनञ्जय रेग्मीले तारकेश्वर अत्यन्तै पर्यटकीय दृष्टिले उर्वर रहेकोले धेरै सम्भावनाहरु रहेको वताउनु भयो भने नाटाका अध्यक्ष उपाध्यक्ष लगायतले यस नगरपालिकाको पर्यटन विकासमा नाटाले सक्दो सहयोग गर्ने वचनवद्धता व्यक्त गर्नु भयो। सो अवसरका नगर



प्रमुख रामेश्वर बोहराले भ्रमण टोलीलाई स्वगत गर्दै तारकेश्वरको पर्यटन विकासको लागि धार्मीक, ऐतिहासिक, पुरातात्विक महत्वका स्थलहरुको संरक्षण, संवर्धन र पुननिर्माण गर्न नगरपालिकाले विभिन्न संघ संस्थासँग हातेमालो गरि कार्यहरु अगाडी वढाइ रहेको जानकारी दिनु भयो । पर्यटन विकासमा पर्यटन वोर्ड र नाटाको सहयोगको अपेच्छा समेत गरिएको वताउनु भएको थियो । उक्त अनुभव आदानप्रदान कार्यक्रममा नगर उपप्रमुख भवानी डोटेल धिताल र प्रमुख प्रशासकीय अधिकृत शिव प्रसाद लम्साले समेत तारकेश्वरमा पर्यटन विकास सम्वन्धी आआफ्नो धारणा राख्नु भएको थियो।

## तारकेश्वर नगरपालिकाको अनुरोध

- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटना समयमै दर्ता गरौं ।
- समयमै कर तिरी नगरपालिकालाई सहयोग गरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- आफ्नो घर भान्छाको फोहोर सड्ने र नसड्ने गरी विभाजन गरौं, सड्ने फोहरवाट मल वनाऔं ।
- जथाभावी सडक पेटीमा फोहोर नफालौं । सम्भावित जरिवानावाट बचौं ।
- सडक पेटी र वाटो अवरुद्व हुने गरी निर्माण लगायतका कुनै पनि सामग्री नराखौं ।
- सवारी साधन सडकमा पार्किङ नगरौं, पार्किङ गर्न तोकिएको स्थानमा तथा सवारी जाम नपर्ने गरी मात्र पार्किङ गरौं । रातको समयमा सवारी साधन सडकमा पार्किङ नगरौं ।
- नगरपालिकाको स्वीकृति र धरौटी बिना जथाभावी सडक खन्ने काम नगरौं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र घरको निर्माणमा ध्यान दिऔं ।
- छतको पानीलाई सार्वजनिक वाटोमा नखसालौं । स्वयम् घर धनीले छतको पानीलाई व्यवस्थापन गरौं ।
- नगरपालिका भित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदूषणको न्यूनीकरणमा ध्यान दिऔं ।
- जुन सकै ब्यबसाय गर्दा पनि नगरपालिकाको स्वीकृत लिएर मात्र गरौं ।
- म्याद नाघेका खाद्य वस्तुको विक्री वितरण नगरौं ।
- पशु चौपायालाई खुला र छाडा नछोडौं ।
- वालश्रम नलगाऔं ।
- आफ्ना सवै बालबालिकालाई अनिवार्यरुपमा विद्यालयमा भर्ना गरौं ।
- धर्म र जातको आधारमा कसै प्रति पनि विभेद नगरौं ।